सार्क खाद्य सुरक्षा प्रभावकारी बन्न सकेन

गोरखापत्र समाचारदाता

काठमाडौं, पुस ५ गते । जलवायु परिवर्तनका कारण दक्षिण एसियामा खाद्य उत्पादन घट्दै गएको, सार्क क्षेत्रको खाद्य सुरक्षा प्रणाली कमजोर रहेको तथा सार्क खाद्य बैंकका प्रावधानहरू अव्यावहारिक रहेकोले त्यसको प्रयोग जटिल बनेको 'दक्षिण एसियामा व्यापार, जलवायु परिवर्तन र खाद्य सुरक्षा' विषयक सार्क स्तरीय क्षेत्रीय छलफल कार्यक्रमका सहभागीहरूले बताएका छन् ।

साउथ एसिया वाच अन ट्रेक, इकोनमिक्स एण्ड इन्भारोमेन्ट (सावती)को आयोजनामा बिहीवारदेखि ललितपुरमा शुरू भएको उक्त दुई दिने छलफल कार्यक्रममा प्रमुख अतिथिको तर्फबाट राष्ट्रिय योजना आयोगका सदस्य डा. अब्दुर रहिम मिकरानीले सार्क खाद्य सुरक्षाको प्रभावकारिता र जलवायु परिवर्तनका प्रभावहरू कम गर्न क्षेत्रीय सहकार्यलाई अझै प्रभावकारी बनाउन मिलेर काम गर्न आवश्यक रहेको बताउनुभयो । वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव केशव भट्टराईले जलवायु परिवर्तनको दृष्टिले नेपाल संसारकै चौथो संवेदनशील देश रहेको उल्लेख गर्दै हिमालय क्षेत्रको संरक्षणको लागि नेपाल सरकार, देशका प्रतिष्ठित संघ संस्था, नागरिक समाजलगायत स्थानीय समुदायसँग मिलेर काम गर्न तयार रहेको बताउनुभयो ।

कार्यक्रममा सार्क सचिवालयका निर्देशक अमृत लुगुनले सार्क साझा उद्देश्य प्राप्ति र सहकार्यमा प्रभावकारिता ल्याउन व्यापार प्रक्रियालाई खुकुलो गर्नुका साथै जलवायु परिवर्तनका प्रभाव कम गर्ने, खाद्य उत्पादन र सुरक्षालाई प्रभावकारी बनाउनेतर्फ प्रभावकारी रूपमा अगाडि बढ्ने बताउनुभयो । कार्यक्रममा सावतीका मुख्य कार्यकारी अधिकृत डा. रत्नाकर अधिकारीले सार्क क्षेत्रको व्यापार अवस्था, जलवायु परिवर्तनले कृषि प्रणाली र खाद्य उत्पादनमा पारेको नकारात्मक असरलगायत सार्क क्षेत्रले खाद्य सुरक्षामा अपनाउनुपर्ने भावी रणनीतिका सम्बन्धमा संक्षेपमा विवेचना गर्नुभएको थियो ।

कार्यक्रममा दोहा जलवायु सम्मेलनका उपलब्धि विषयमा जलस्रोत विज्ञ अजय दीक्षितले, दक्षिण एसियामा खाद्य सुरक्षाको क्षेत्रीय अवधारणा : सार्क बीज बैंक सञ्चालन प्रक्रिया विषयमा कमलेस अधिकारीले, दक्षिण एसियामा खाद्य सुरक्षा पहल : खाद्य बैंक विषयमा बंगलादेशका मुस्ताफिउर रहमान तथा कृषि अर्थशास्त्री कृष्णप्रसाद पन्त एवं जैविक ऊर्जा र खाद्य सुरक्षाः दक्षिण एसियाली सन्दर्भ विषयमा बंगलादेशका महफुज कविर तथा डा. श्रुति खड्का मिश्रले आ-आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । शुक्रवारको कार्यक्रम विभिन्न देशका विद्वान्हरूबाट थप तीनवटा कार्यपत्र प्रस्तुत गरिने कार्यक्रम रहेको छ । कार्यक्रमको निष्कर्ष सार्क सचिवालयलगायत सदस्य राष्ट्रका सम्बद्ध निकायहरूमा पठाइने बताइएको छ ।